# पाख्रीबास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**धनकुटा**

**प्रदेश नं १ , नेपाल**

## शिलबन्दी दरभाउपत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०७६ /०१/ ०५**

यस पाख्रीबास नगरपालिकाको कार्यालय पाख्रीबास, धनकुटाद्धारा आ.व. २०७५/७६ का लागी आन्तरिक आय अन्तर्गत तपशिल बमोजिमको वस्तुमा बिक्री मुल्य तथा निकाशी दस्तुर असुली गर्ने कार्य ठेक्का वन्दोवस्तको माध्यमद्धारा संकलन गर्नु पर्ने भएको हुदा इच्छुक फर्म वा कम्पनीवाट निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकको सिलबन्दी दरभाउपत्र आहवान गरिएको छ।

शर्तहरु:

१. इच्छुक योग्यता पुगेका सिलबन्दी दरभाउपत्रदाताले १५ औ दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिल बमोजिमको नगदै तिरेको नगदी रसिदका साथ २०७५/७६ को लागि नविकरण भएको इजाजतपत्र स्थायी लेखा नम्बर र आ व २०७४/७५ को कर चुक्ता गरेको प्रमाणपत्र प्रतिलिपी संलग्न राखी दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. शिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको १२ बजे भित्रमा दर्ता गराइ सक्नु पर्नेछ। प्राप्त दरभाउपत्रहरु सोही दिनको १ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा नियमानुसार खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन।

३. शिलबन्दी दरभाउपत्रको माध्यमबाट दरभाउपत्र दाखिला गर्ने व्यक्ति नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत धरौटी यस कार्यालयको नाममा रहेको एन.आई.सी. एसिया बैंक, हिले शाखाको धरौटी खाता नं ८८CA५०२६४७५२४००३ मा जम्मा गरि उक्त सक्कल भौचर शिलबन्दी दरभाउपत्रको फारम साथ संलग्न गर्नुपर्ने छ वा नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त "क" श्रेणीको वैकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिनको मान्य म्याद अवधी भएको बिडवन्ड धरौटी स्वरुप पेश गर्नु पर्ने छ।

४. दरभाउपत्र भर्दा प्रत्येक आइटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखीएकोलाई मान्यता दिइनेछ।

५. रित नपुगी वा म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन।

६. दर्ता भएका सिलबन्दी दरभाउपत्र आशिक वा पुर्ण रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ।

७. दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना ,फोन नं., फ्याक्स नं. वा इमेल स्पष्ट संग लेख्नुपर्नेछ।

८. दरभाउपत्र पेश गर्दा खामको बाहिर माथी पेश गर्ने फर्म ,कम्पनीको नाम र कामको बिबरण लेखी तल यस कार्यालयको नाम लेख्नुपर्नेछ।

९. दरभाउपत्र संग सम्बन्धित अन्य शर्तहरु न.पा.को www.pakhribasmun.gov.np मा राखिनेछ।

१०. यस सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

११. यस सुचनामा उल्लेख भएका कुराको हकमा सोही वमोजिम र नभएको हकमा प्रचलित कानुन स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा रकम र सरकारी, ठेक्का वन्दोवस्त ऐन २०२० अनुसार हुनेछ ।

| सि न | ठेक्का नं. | विवरण | मु. अ. कर बाहेक सम्झौता भए पश्चातका लागी न्युनतम ठेक्का अंक | दरभाउपत्र मुल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | PKBSMUN/075/76/04 | यस नगरपालिकाको वडा नं.५ को डिकुरेमा IEE प्रतिवेदनले तोकेको परिमाण मध्ये शिलबन्दी दरभाउपत्र मा उल्लेखित परिमाण सम्मका लागी ढुङगा, गिट्टी, रोडा, वालुवा तथा भरौट/माटोको विक्री मुल्य असुली | रु ४,२३,३६०/०० | रु १०००/०० | |

**दरभाउपत्र संग सम्बन्धित अन्य शर्तहरु :**

१२. विक्री मुल्यको दररेट तथा निकाशी दस्तुरको दररेट दरभाउपत्र फारम साथ उपलव्ध गराइने छ।

१३. ढुंगाठेक्का अवधि सम्झौता भएको ,भरोटको विक्री सम्बन्धी ठेक्का/माटो ,बालुवा ,रोडा,गिटि, मिति देखी २०७६ जेठ मसान्तसम्म कायम रहने छ।

१४. ठेक्का रकम सम्झौता गर्दा एकमुष्ट रुपमा बुझाउनु पर्नेछ।

१५. फर्मकम्पनी/ले राखेको धरौटी ठेक्का अवधि समाप्त भएपश्चात आन्तरिक राजश्व कार्यालयबाट कर तिरेको प्रमाण ल्याए पछि फिर्ता गरिने छ। साथै कार्यालयबाट उपलव्ध गराएको पट्टामा उल्लेखित दर भन्दा बढी दरमा विक्री मुल्य र निकासी दस्तुर असुली गरेको पाइएमा सोहि धरौटी वा बिडवन्डबाट कट्टा गरि सम्बन्धित व्यक्तिलाइ फिर्ता गरिने छ।

१६. ठेक्कासंग सम्वन्धित रसिदहरु फर्म/कम्पनी स्वमं आफैले छपाई गरी यस नगरपालिकाबाट प्रमाणित गरि प्रयोग गर्नु पर्नेछ। कार्यालयबाट प्रमाणित नगरि रसिद प्रयोग गरेको पाइएमा नियमानुसार कारवाही हुनेछ।

१७. IEE प्रतिवेदनमा उल्लेख भएका उत्खनन् क्षेत्र बाहेक अन्य क्षेत्र वा कुनै व्यक्ति,व्यक्तिको घर, बाटो, कुलो, बाँध, बिद्यालय, मठ-मन्दिर, आधिमा क्षति पुग्नेगरी खानीजन्य पदार्थ उत्खनन गर्न पाइने छैन। साथै यस्ता खानी जन्य पदार्थ (माटो, बालुवा, भरौट, रोडा, गिट्टी तथा ढुंगा) उत्खनन पश्चात ढुवानी वा मौज्दात प्रयोजनका लागी कसैको निजि जग्गा प्रयोग गर्नु पर्ने भएमा त्यसवाट उत्पन्न हुने दायित्वका लागी नगरपालिका जवाफदेहि हुने छैन। साथै सम्बन्धित व्यक्तिसंग इजाजत लिनु पर्ने भएमा स्वीकृत हुने फर्म/कम्पनी आफैले लिनु पर्नेछ।

१८. खानीजन्य पदार्थ उत्खनन गर्दा योजना स्थल आसपासका क्षेत्रमा मानबीय, भौतिक, सामाजिक तथा जैविक लगायतका सम्पूर्ण पक्षमा उत्पन्न हुने व्यवधान तथा दुर्घटनाको समन्वय, व्यवस्थापन एबं क्षतिपूर्ति प्रदान गर्ने दायित्व फर्म/कम्पनी आफैको हुनेछ।

१९. IEE प्रतिबेदनमा तोकिएको मापदण्ड विपरित भुक्षय वा बाढी पहिरो जाने गरि खानीजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन।

२०. नगरपालिककाका खानी क्षेत्रबाट उत्खनन् हुने परिमाणको विवरण र स्थान दरभाउपत्र फारमसाथ उपलव्ध हुने छ।

२१. IEE प्रतिवेदनले मेसिन प्रयोग गर्न ईजाजत दिएको भए पनि जिल्ला समन्वय समितीसँगको समन्वयमा यस कार्यालयबाट मेसिन प्रयोग गर्नका लागी ईजाजत दिएको स्थानमा मात्र मेसिन प्रयोग गरी खानीजन्य पदार्थ उत्खनन् गर्न पाइने छ। IEE प्रतिवेदनले उत्खनन् गर्न इजाजत दिएको परिमाणका लागी कार्यालयले जुन जुन स्थानलाई घादगद्दिका लागि सिमा एकिन गरेको छ सो स्थानबाट खानीजन्य पदार्थ उत्खनन् गर्दा लाग्ने लागत स्वयम् फर्म/कम्पनी आफैले बहन गर्नुपर्नेछ।

२२. समय समयमा कार्यालयले दिएका निर्देशन पालना गर्नु फर्म/कम्पनीको कर्तब्य हुनेछ। साथै साप्ताहिक रुपमा फर्म/कम्पनी आफुले निकालेको खानीजन्य पदार्थको विवरण यसकार्यालयलाई बुझाउनु पर्नेछ।

२३. खानीजन्य पदार्थ उत्खनन् गर्दा विहान सुर्योदय पश्चात र बेलुका सुर्यास्त अगाडी गर्नुपर्नेछ।

२४. बन्द हड्ताल जस्ता मानव सिर्जित घटनाका कारणबाट हुने नोक्सानीका लागी कुनै क्षतिपुर्ति वा छुट मिनाहा माग गर्न पाइने छैन र कार्यालयले उपलब्ध पनि गराउने छैन।

२५. एक कम्पनी वा फर्मले खरिद गरेको दरभाउपत्र फारम अर्को कम्पनी वा फर्मले प्रयोग गरी पेश गर्न पाइने छैन।

२६. निकाशी शुल्क वा विक्री मुल्य असुलीका लागी ढाट प्रयोग गर्न पाइने छैन।

२७. यस नगरपालिका क्षेत्र वाहेक अन्य स्थानीय तहका खानीबाट उत्खनन् भई प्रमाणित भएका खानीजन्य पदार्थ निकाशी हुदा निकाशी शुल्क लिन पाइने छैन।

२८. IEE प्रतिवेदनमा उल्लेख भए मध्ये हाललाई उत्खनन गर्न सकिने स्वीकृत खानीजन्य पदार्थको परिमाण तथा दररेट दरभाउपत्र फारम साथ संलग्न गरिने छ।

२९. खानीजन्य पदार्थहरु उत्खनन गर्नुपूर्व पहुँच मार्गको मर्मत सम्भारहोर्डिङ्ग बोर्डको , व्यवस्था तथा सुरक्षा सम्बन्धि जनचेतना अभिबृद्दी गर्न योजना संचालन हुने आसपासका बासिन्दाहरुका लागि अभिमुखीकरण कार्यक्रम फर्म/कम्पनी आफैले गर्नुपर्ने।

३०. खानीजन्य पदार्थहरु उत्खनन गर्दा प्रारम्भिक बाताबरणीय परिक्षण प्रतिबेदन (IEE) मा उल्लेख भए बमोजिमको बाताबरणीय व्यवस्थापन योजना (EMP) पूर्णरुपमा लागु गर्नुपर्नेछ।